**श्री सम्मानित सर्वोच्च अदालतमा चढाएको**

**निवेदन पत्र**

**विषय :- <u>नेपालको संविधानको धारा ४६, १३३(२)(३) बमोजिम उत्प्रेषण, परमादेश, लगाएत जो चाहिने आवश्यक र उचित आदेश जारी गरी पाउँ।</u>**

चुडामणी रेग्मीको नाती गोकुल रेग्मीको छोरा जि. स्याङजा पुतली बजार न.पा.वडा नं. ५ बस्ने वर्ष ४९ को डा. धनन्जय रेग्मीको वारेस तारा बहादुर झाँक्रीको छोरा जि.अर्घाखाँची शितगंगा नगरपालिका वडा नं.४ घर भई हाल का.जि.का.म.न.पा.वडा नं. २९ बस्ने वर्ष २५ को भुवन झाँक्री .....................................................१ } <u>निवेदक</u> वादी

विरुद्ध

नेपाल पर्यटन बोर्ड कार्यकारी समिति, प्रदर्शनी मार्ग काठमाडौं ........................१

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार काठमाडौं .............१

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव तथा नेपाल पर्यटन बोर्ड कार्यकारी समितिका अध्यक्ष डा. गणेश पाण्डे, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार काठमाडौं ..................................................१

नेपाल पर्यटन बोर्ड विघटित कार्यकारी प्रमुख छनौट उपसमितिका सदस्य तथा संस्कृति, पर्यटन तथा नागरिक मन्त्रालयका सह-सचिव इन्दु घिमिरे, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार काठमाडौं .......................१

नेपाल पर्यटन बोर्ड कार्यकारी समिति सदस्य तथा विघटित कार्यकारी प्रमुख छनोट उपसमिति सदस्य श्री मदन आचार्य, नेपाल पर्यटन बोर्ड प्रर्दशनी मार्ग काठमाडौ...१

नेपाल पर्यटन बोर्ड कार्यकारी समितिका सदस्य तथा विघटित कार्यकारी प्रमुख छनौट उपसमितिका सदस्य श्री मिलन देवकोटा, नेपाल पर्यटन बोर्ड प्रर्दशनी मार्ग काठमाडौ ..........................................................................................१

श्री दीपकराज जोशी (कार्यकारी प्रमुख) नेपाल पर्यटन बोर्ड प्रर्दशनी मार्ग, काठमाडौं.................................................................................................१

} <u>विपक्षी</u> प्रतिवादी

**मुद्दा :- उत्प्रेषण परमादेश समेत**

मिति २०८१ साल भाद्र महिना २१ गते नेपाल पर्यटन बोर्डको आधिकारीक वेवसाइड trade.ntb.gov.np मा “नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख पदमा नियुक्ति सम्बन्धमा" प्रकाशित सूचना “नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख छनौटका लागि कार्यकारी समक्ष सिफारिस पेश गर्न गठित कार्यकारी प्रमुख छनौट कार्यकारी प्रमुख पदका लागि वर्णानुक्रम अनुसार श्री दीपकराज

जोशी (वगनाहा -४, बर्दिया), श्री धनन्जय रेग्मी (पौबैगोडे -२, स्याङ्जा) र श्री ज्ञानेश्वर प्रसाद सिंह महतो, (दुर्गापुर -७, सिराहा) कार्यकारी समिति समक्ष सिफारिस भएकोमा नेपाल पर्यटन बोर्ड कार्यकारी समितिको मिति २०८१ भाद्र २० गते बसेको ३७९ औं बैठकले नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा १४ बमोजिम नेपाल पर्यटन बोर्ड

को कार्यकारी प्रमुखको पदमा श्री दीपकराज जोशी (बगनाहा -४ बर्दिया) लाई ४ (चार) वर्षको लागि नियुक्ति गर्ने निर्णय गरेकोले श्री दीपकराज जोशीलाई नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख पदमा नियुक्ति लिनका लागि नेपाल पर्यटन बोर्ड कार्यकारी समितिको सचिवालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ।" भन्ने सूचनाका कारण म निवेदक नेपालको संविधानको धारा १८, २०, २७, ३३, ३४, ४६ र १३३(२)(३) बमोजिम प्रस्तुत रिट निवेदन लिएर उपस्थित भएको छु। निवेदन जिकिर बमोजिम इन्साफ गरी पाउँ।

१. म निवेदकले सन् 2006 मा जापानको होकाइदो विश्वविद्यालयबाट Environment Earth Science मा विद्यावारिधि गरेको छु भने सोहि विश्वविद्यालय र Arizona विश्वविद्यालयबाट Dendrochronological Research मा Post Doctorate गरेको छु। सन् 2007 देखि Society for Ecological Restoration Nepal को अध्यक्षको हैसियतले कार्य गरेको छु भने हिमालय रिसर्च एक्सपीडिसन र हिमालय रिसर्च सेन्टर नेपालको अध्यक्षको हैसियतले हिमाली भेगका जनताहरुको जीवनयापनको हितका लागि कार्य गरेको छु। त्यस्तै, मैले इम्जा हिमताललाई सुरक्षित बनाउने परियोजना विज्ञको रुपमा कार्य गरेको छु। हिमालयन क्षेत्रमा धेरै अनुसन्धानयुक्त कार्य गरी नेपालको पर्यटकीय क्षेत्रको सम्भावना र चुनौतिको क्षेत्रमा विषेश दक्षता विकास गरेको छु। यस विषयमा मेरा धेरै अनुसन्धानात्मक लेखहरु राष्ट्रिय अन्तराष्ट्रिय जर्नलहरुमा समेत प्रकाशित भएका छन्। विपक्षी ७ दीपकराज जोशीले समेत यस भन्दा अगाडी गरेको प्रतिस्पर्धामा निज शर्ट लिष्टमा पनि पर्न नसकि अयोग्य भएको र म सर्वाधिक अंक प्राप्त गरी १ नं. मा छनोट भएको व्यहोरा निवेदन गर्दछु। मैले मिति २०७६/१०/१५ देखि मिति २०८०/१०/१५ सम्म नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख भई नेपाल पर्यटन बोर्डलाई सक्रिय नेतृत्व प्रदान गरेको छु। म निवेदकले गरेको अध्ययन र कार्यका कारण सन् 2006 मा जापानबाट सफलतापूर्व विद्यावारिधि सम्पन्न गरेकोमा नेपाल विधाभूषण (क), २००६ मा Arizona विश्व विद्यालयमा Post Doctorate अनुसन्धानका लागि Haury Fellowship, 2016 मा होकाइदो विश्वविद्यालयको University Partner Ambassador पदवी, 2017 मा इम्जा हिमालयबाट सुरक्षीत गर्न सहयोग गरेकोमा नेपाली सेनाको Commendation Medal का साथै UNDP को Global Environmental Facility र नेपाल सरकारबाट जलवायु विज्ञान विभागबाट नेपालका हिमाली क्षेत्रमा सुरक्षीत बनाउने गरेको योग्दान वापत विशेष प्रशंसा पत्र समेत प्राप्त गरेको छु। नेपाल पर्यटन बोर्डको कार्यकालमा नेपाल पर्यटन बोर्डले अमेरिकन राजदुतावासबाट

सम्मान प्राप्त गरेको छ। कोविडमा उत्कृष्ट काम गरेवापत बेलायतबाट Wanderlust gold award, मिति २०८०/०५/०/२४ मा पाटा गोल्ड अवार्ड, पाटा गोल्ड अवार्ड २०२३, तेस्रो पटक पाटा गोल्ड अवार्ड २०८१/०४/०८ र मिति २०८०/०२/१७ मा म निवेदकलाई पाटा स्पेसल अवार्डबाट समेत सम्मानित गरी मैले नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुखको पदमा रहेर उत्कृष्ट काम गरेको कारण मलाई प्रदान गरेको अवार्डहरुले नै पुष्टी गर्दछ।

२. नेपाल पर्यटन बोर्ड कार्यकारी प्रमुख छनौट उपसमितिले मिति २०८० साल चैत्र २४ गते नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख छनौट सम्बन्धी दरखास्त आह्वान सूचना बमोजिम म निवेदक समेत नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा (१४) बमोजिम योग्य भएको र नेपाल पर्यटन बोर्डमा एक कार्यकाल कार्यकारी प्रमुखको भुमिका कुशलता साथ निभाई सकेको हुनाले उक्त विज्ञापन अनुसार कार्यकारी प्रमुखको लागि आवेदन दिएको थिए। कार्यकारी प्रमुख छनौट उपसमितिले मेरो दरखास्त स्विकार गरी प्रकाशित उम्मेद्वारको सूचिमा मेरो नाम क्रम संख्या १४ (दर्ता नं. १३७४) मा सूचित गरेको छ। नेपाल पर्यटन बोर्ड कार्यकारी समितिले कार्यकारी प्रमुख छनौट कार्यविधि, २०८० लाई मिति २०८०/१२/२३ को निणर्यले पारित गरेको छ। उक्त कार्यविधिको दफा (३) मा मुल्याङ्कन र आधारहरु तोकिएको जस अनुसार यस कार्यविधिमा तोकिएको म्याद भित्र प्राप्त दरखास्त उपर देहायको आधारमा उम्मेदारहरुको मुल्याङ्कन गरी अङ्क प्रदान गरिने छ।

| सि.नं. | विवरण | अङ्कभार |
|---|---|---|
| क. | शैक्षिक योग्यता, कार्य अनुभव र व्यवसायिक कार्ययोजना | ३६ अङ्क |
| १. | शैक्षिक योग्यता वापत | ६ |
| १.१ | कुनै पनि विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको ३ अङ्क (प्रथम श्रेणी-३, द्वितीय श्रेणी-२, तृतीय श्रेणी-१)<br>Master in Tourism or Management, Business Administration or tourism related field भएमा थप -१ अङ्क | ४ |
| १.२ | कुनै पनि विषयमा विद्यावारिधि वा सो सरह | २ |
| २. | कार्य अनुभव वापत | २ |
| २.१ | कुनै संस्थाको कार्यकारी प्रमुख वा सो सरहको पदमा काम गरेको अनुभव प्रत्येक एक वर्षका लागि एक अङ्कका दरले बढीमा पाँच अङ्क | ५ |
| २.२ | कार्यकारी प्रमुखभन्दा मुनिको व्यवस्थापकीय पदमा काम गरेको | ३ |

| | | |
|---|---|---|
| | प्रत्येक वर्षमा एक अङ्कका दरले बढीमा तीन अङ्क | |
| ३. | व्यवसायिक कार्ययोजना (Business plan) वापत | २२ |
| ३.१ | Background | २ |
| ३.२ | Overview of Nepalese tourism sector<br>(familiarity with government policies and regulation related tourism) | २ |
| ३.३ | SWOT Analysis | २ |
| ३.४ | Strategies based on NTB's Scope<br>(Depth understanding of tourism landscape in Nepal including key destination attraction and challenges) | ५ |
| ३.५ | Key performance indicators | २ |
| ३.६ | Marketing, promotion and branding strategy | २ |
| ३.७ | Product development<br>a. improvement of infrastructures and amenities for tourist<br>b. innovation in tourism offering to meet changing consumers<br>c. development of tourism attraction and experience | ३ |
| ३.८ | Risk mitigating measures | २ |
| ३.९ | Conclusion | २ |
| ख. | समस्या समाधानमूलक विषयमा प्रस्तुतीकरण | १४ |
| | क र ख को जम्मा | ५० |

उक्त मुल्याङ्कनका आधारहरु (क) शैक्षिक योग्यता, कार्य अनुभव र व्यावसायिक कार्ययोजना अन्तर्गत दफा (१) शैक्षिक योग्यता वापत ६ अङ्क पाउने म निवेदकले गरेको विद्यावारिधि लगायतका शैक्षिक योग्यताको मुल्याकन हुनु पर्नेमा निविर्वाद छ। त्यसैगरी उक्त कार्यविधिको दफा (२) कार्य अनुभव वापत प्रप्त ८ अङ्कमा मैले पर्यटनको क्षेत्रमा काम गरेको विभिन्न निकायमा अध्यक्षको भुमिका निभाएको एवं नेपाल पर्यटन बोर्डमा कार्यकारी प्रमुख हुँदा गरेका उत्कृष्ट कामहरुको मूल्याङकनको आधारमा सवै भन्दा बढी अंक प्राप्त भई कार्यकारी प्रमुख नियुक्ति पाउनु पर्नेमा त्यसो नदेखिएको तथा उक्त कार्यविधिको दफा (३) व्यावसायिक कार्ययोजना वापत प्राप्त अंक २२ भएकोमा म निवेदकको व्यवसायिक कार्ययोजना उत्कृष्ट रहेको हुँदा हुँदै पनि म निवेदकलाई छनौट उपसमितिले छनौट सिफारिस गरेता पनि कार्यकारी

समितिले विना कुनै आधार कारण नदेखाई मेरो उत्कृष्टताको मुल्याङ्कन नै नगरी विपक्षी दीपकराज जोशीलाई नेपाल पर्यटन बोर्डको कार्यकारी नियुक्ति दिलाउनु कानून संगत छैन। निज विपक्षी दीपकराज जोशीको विद्यावारिधि पनि नभएको र उपसमितिको सिफारिसमा म निवेदककै बढी अंक प्राप्त भएको छ भन्ने कुरा सम्बन्धित कागजात विवरण मगाई सम्मानित अदालतबाट हेरिएका वखत स्पष्ट नै हुनेछ। नियुक्तिको सक्कल फाइल झिकाई पाउन सादर अनुरोध गर्दछु। नेपाल पर्यटन बोर्डको हितलाई ध्यानमा राखेर कार्यकारी प्रमुख छनौट उपसमितिले सिफारिस गरेका तीन जना उम्मेदारहरु मध्ये म निवेदकले सर्वोत्कृष्ट अंक पाएको तर्फ बिचारै नगरी छनौट उपसमितिका निर्णयहरु र उम्मेद्वारहरुलाई प्रदान गरेका उत्कृष्ट अंकहरुको मुल्याङ्कन नै नगरी पूर्वाग्रहयुक्त पक्षपातपूर्ण कुरालाई कार्यान्वयन गर्ने भित्री अभिप्रायले त्यस्तो निर्णय भएको वा कार्यान्वित गरिएकोबाट प्रष्ट हुन्छ र अधिकारको दुरुपयोग हुन्छ र त्यस्तो निर्णय वा कार्य कानूनको दृष्टिमा दुषित भई बदरभागी छ। विपक्षी नेपाल पर्यटन बोर्ड कार्यकारी समितिले आफुलाई प्राप्त अधिकारको प्रयोग गर्दा कानून संगत, न्यायपूर्ण, बदनियत रहित रहनुपर्दछ र संविधानले प्रदान गरेको समानता सम्बन्धी हक कुन्ठित हुने गरी गरीएको हुनुहुदैन। उक्त अधिकार तथ्यमा आधारित र जवाफदेही पूर्ण हुनु पर्दछ। कार्यकारी प्रमुख छनौट उपसमितिले तोकेको विभिन्न परिक्षाहरु संचालन गर्दा विभिन्न विषय विज्ञहरुलाई बोलाई उम्मेद्वारहरुको विज्ञता परिक्षण गरिएको छ। जसको उदेश्य सही नेतृत्वको चयन होस भन्ने रहेको छ, त्यसरी विज्ञ समेतले परिक्षण गरिएका सफल उम्मेद्वारहरुको प्राप्ताङ्क नै नहेरी सिफारिसका आधारमा मात्र मौलिक हक हनन हुने गरि योग्यताको साटो पिक एण्ड चूजको सिद्वान्त अपनाई तजविज अधिकारको दुरुपयोग गरी गरिएको नियुक्तिलाई कानून बमोजिमको मान्न मिल्दैन। विपक्षी कार्यकारी प्रमुख छनौट उपसमितिहरुको प्राप्ताङ्क विवरण नहेरी न्यायोचित मुल्याङ्कन नगरी स्वेच्छाचारी किसिमबाट र कानूनी शासनको धज्जी उडाई गरेको कार्यले वैधानिकता पाउन सक्दैन। कार्यकारी समितिलाई भएको अधिकार वस्तुनिष्टरुपले प्रयोग नगरेमा त्यस्तो निर्णय स्वेछाचारी भई मान्य नहुने सर्वोच्च अदालतबाट प्रतिपादित विभिन्न न्यायिक सिद्वान्तहरु ने.का.प.२०६५ अंक ८ नि.नं. ८००७ पृष्ठ १०४९ मा भएको निर्णयमा कानूनमा भएको व्यवस्थालाई पालन गर्दा वा लागु गर्दा सार्वजानिक निकाय वा अधिकारीले स्वेछाचारी ढङ्गबाट नगरी स्वछ तरिकाले गर्नु पर्ने भनि निर्णयबाट समेत उक्त निर्णय बदरभागि छ। विपक्षीहरुको योग्यता प्रणाली अपनाउन गरीएको विज्ञापन एवम परिक्षालाई निरर्थक तुल्याउने काम कारवाहि बदर भागि छ।

३. नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा १४ मा कार्यकारी प्रमुखको नियुक्तिको व्यवस्था गरिएको छ, भने उपदफा (१) कम्मतिमा स्नातकोत्तर उपाधी हासिल गरी पर्यटन क्षेत्रमा १० वर्षको अनुभवलाई अनिवार्य शर्त राखीएको छ। नेपाल पर्यटन बोर्ड नियमावली २०५५ को

दफा ८(२) ले उपदफा (१) बमोजिमको समितिले ऐनको दफा १४(१) बमोजिमको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट पर्यटन क्षेत्रमा विशेष योग्यता, तालिम तथा अनुभव प्राप्त गरेका व्याक्तिहरु मध्येबाट तीन जना उमेद्वारको नाम कार्यकारी प्रमुखको पदमा नियुक्तिका लागि पेश हुने नियमको व्यवस्था बमोजिम नेपाल पर्यटन बोर्डले कार्यकारी प्रमुख नियुक्ति कार्यविधि २०८० स्वीकृत गरी सोही कार्यविधि अन्तर्गतको परिक्षाले नै नियमको दफा ८(२) को विशेष योग्यता, तालिम, अनुभवलाई स्थापित गर्ने हो। अन्य आधार र कारण तर्फको सहारा लिनु पर्ने होइन। उल्लेखित कार्यविधिको छनौट उपसमितिले बाह्यात्मक रुपमा पालना गरी परिक्षा संचालन गरी परिक्षार्थीलाई अंक प्रदान गरेकोमा विवाद छैन। कुनै पनि प्रतिष्पर्धामा उम्मेदवार हुनुको उद्देश्य नियुक्ति पाउनु हो, हकको दावी गर्ने हो। छनौट उपसमितिले नियम ८ (२) र कार्यविधि-२०८० अर्तगतको प्रकृया पुरा गरी गरिएको सिफारिसमा कार्यकारी समितिले सर्वोत्तम प्राप्ताङ्क, मूल्याङ्कन नगरी नियुक्ति दिनु प्राकृतिक न्याय सिद्धान्तको विपरित छ। नेपाल पर्यटन बोर्ड ऐन र नियमले पारदर्शिता निष्पक्षतामा जोड दिएको स्थितिमा आवेदकले परिक्षामा पाएको प्राप्ताङ्क नै नहेरी गरिएको नियुक्ति र नियुक्त पत्रले वैधानिकता प्राप्त गर्न सक्दैन। कार्यकारी समितिले यस पूर्व कार्यकारी प्रमुख नियुक्तिमा सर्वोकृष्ट अंक ल्याउनेलाई नियुक्ति दिएको दृष्टान्तको अवज्ञा गरी गरिएको निर्णयले सार्थकता प्राप्त गर्न सक्दैन। राज्य यन्त्रको कार्य सुशान ऐन २०६४ अनुसार निष्पक्ष र पारदर्शी हुनु पर्छ तद अनुरुप उम्मेद्वार मध्ये कस्ले कति नम्बर प्राप्त गर्न सफल भएको र को घटि अंक प्राप्त गरेको कारण असफल भएका हुन प्रष्टतः वैकल्पिक उम्मेद्वारको सहित प्रत्येकको प्राप्ताङ्क सार्वजानिक गरी नतिजा प्रकाशन, सिफारिस र नियुक्त गर्नु पर्नेमा नगरेको बदरभागी छ।

४. नेपालको संविधानको धारा २४३ ले योग्य र सक्षम व्याक्ति सार्वजानिक पदमा सिफारिस हुनुपर्ने भन्ने व्यवस्था गरेको र पर्यटन क्षेत्रमा ख्याति प्राप्त गरेका विषय विज्ञहरुले समेत मूल्याङ्कन गरी बढी अंक निवेदकलाई प्रदान गरेको छ भन्ने तथ्य हेर्दै नहेरी स्वेछाचारी निर्णय गरेको अवस्था छ, र मिति २०८१/०५/२० मा नेपाल पर्यटन बोर्ड कार्यकारी समितिमा छनोट उपसमितिको सिफारिस पेश गर्ने मात्र एजेन्डा रहि नियुक्तिको एजेन्डा नै नरहेकोमा छनोट समितिको विवरण हेर्दै नहेरी आवश्यक प्रक्रिया समेत नपुऱ्याई गरेको स्वेछाचारी निर्णय प्रथम दृष्टीमै बदरभागी छ। मुलुकमा प्रचलित नियुक्ति प्रणालीले परिक्षालाई औपचारिकमा सिमित नगरी उत्कृष्ट व्यक्तिको चयनको माध्यमको रुपमा स्थान दिएकोमा सो को प्रतिकुल गरीएको काम कारवाही बदरभागी छ।

५. नेपाल पर्यटन बोर्ड कार्यकारी प्रमुख छनोट उपसमितिका एकजना सदस्यले समेत प्रक्रिया नपुगेको, एजेन्डामा नराखि आधारकारण समेत नखुलाई गरीएको नियुक्ति सम्बन्धी निर्णयसंग लिखित रुपमा असहमति (Note of Dissent) जनाएको तथ्यले समेत यो नियुक्ति अपारदर्शी,

बदनियतपूर्ण र स्वेछाचारी रहेकोले सो निर्णय बदरभागी छ। यस संग सम्बन्धित कागजात प्रतिलिपि माग गर्दा विपक्षी बोर्डले नदिएको र तत्सम्बन्धी निवेदन दर्ता गर्न पनि नमानेका कारण यसै सम्मानि अदालतबाट सक्कल फाइल झिकाई सो को नक्कल समेत उपब्ध गराई पाउँ सर्वोत्तम अंक प्राप्त गर्ने निवेदकलाई नियुक्तिबाट बञ्चित गर्ने विपक्षीहरुको काम कारवाहीबाट निवेदकमा प्रदत माथि उल्लेखित सवैधानिक र कानूनी हकको हरण हुन गएकोले अन्य उपचारको अभावमा प्रस्तुत निवेदन लिई उपस्थित भएको छु।

६. वस्तुत सार्वजानिक संस्थाको पदाधीकारीको नियुक्ति प्रणालीमा आधारित भई लोकसेवा आयोगको स्वीकृत सामान्य सिद्धान्त समेतको अनुसरण गरी स्वच्छ रुपमा गर्नुपर्ने कुरामा कुनै विवाद हुन सक्दैन यसका लागि गरिएको लिखित, अन्तर्वार्ता, प्रस्तुतिकरण सवैको विज्ञद्वारा जाँच प्रताल भई अंक खोलि बोर्ड समक्ष प्रस्तुत भई सकेपछि प्रत्यर्थी मध्येको सर्वोत्तम उम्मेद्वारलाई छनौट गर्नुपर्ने कर्तव्य विपक्षी बोर्डको हो। नेपाल पर्यटन बोर्ड नियावली, २०५५ जो विद्यायीकी काम नेपाल पर्यटन बोर्ड ऐन २०५३ को दफा २५(१) ले दिएको अधिकार प्रयोग गरी बनेको हो। सो को नियम ९(१) ले सिफारिस गरिएका व्यक्तिहरु मध्ये समितिले उपयुक्त देखेको व्यक्तिलाई बोर्डको कार्यकारी प्रमुखको पदमा नियुक्ति गर्ने छ भन्ने बाध्यात्मक व्यवस्था गरेको छ। उपयुक्ताको मापन छनौट उपसमितिले प्रदान गरेको अंकको आधारमा हुने हो, तजविजमा हुने होइन अंक बाहेक अन्य आधार अवलोकन गरी अमुर्त आधारमा जोकोहि कसैलाई समितिले नियुक्त गर्न सक्ने गरी चयनको अधिकार उक्त नियमले गरेको छैन। १६ जना आवेदक मध्ये ३ जनालाई छनौट गर्दा अंकको आधार लिइएको छ भने त्यसै गरी ३ जना मध्ये १ जनालाई नियुक्ति गर्दा समेत सर्वोत्कृष्ट अंक नै आधार ग्रहण गरिनु पर्ने हुन्छ। कानूनत परिक्षा प्रणालीको नतिजामा निर्भर भई नियुक्ति गर्नु पर्नेमा तजबिजि अधिकार प्रयोग गरेर गरेको अधिकार क्षेत्र सिमितताको आधारमा बदरभागी छ। नेपाल पर्यटन बोर्ड कार्यकारी प्रमुख छनोट उपसमितिले मूल्याङ्कनद्वारा प्रदान गरेको प्राप्ताङ्क विवरण नहेरी के कति कारणले म निवेदकलाई नियुक्ति नदिई विपक्षी नं. ७ दीपकराज जोशीलाई नियुक्ति दिएको हो, नियुक्तिको आधार, कारण, प्राप्ताङ्क सूचि समेत खुलेको माइन्युट निर्णय मगाई विपक्षी मध्येका दीपकराज जोशीलाई नेपाल पर्यटन बोर्ड कार्यकारी समितिको मिति २०८१/०५/२० को पर्यटन बोर्डको कार्यकारी प्रमुख नियुक्ति निर्णय र सोही नियुक्ति बमोजिमको नियुक्तिपत्र समेत उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई कार्यकारी प्रमुखमा नियुक्ति दिनु दिलाउनु भनि विपक्षी नेपाल पर्यटन बोर्ड कार्यकारी समिति समेतका नाममा परमादेश वा जोचाहिने आज्ञा आदेश वा पुर्जी जारि गरि मैलिक हकको संरक्षण गरी पाउँ। साथै विपक्षी दीपकराज जोशीलाई नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुखमा गरिएको नियुक्ति यस रिट निवेदनको अन्तिम किनारा नलागेसम्म

यथास्थितिमा राख्नु भनी विपक्षी नेपाल पर्यटन बोर्ड कार्यकारी समिति समेतका नाममा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ।

७. प्रस्तुत रिट निवेदन दर्ता गर्दा लाग्ने दस्तुर यसैसाथ छ।

८. मेरो तर्फबाट उपस्थित हुने कानून व्यावसायीको बहस जिकिरलाई यसैको अभिन्न अंग मानि पाउँ।

९. कागज :-

क) नागरिकता, उम्मेद्वार भएको सूचनाको प्रतिलिपि।

ख) मिति २०८१/०५/२१ गते नेपाल पर्यटन बोर्डको आधिकारीक वेवसाइड trade.ntb.gov.np मा प्रकाशित सूचनाको प्रतिलिपि।

ग) नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुखको नियुक्त सिफारिस सम्बन्धी कार्यविधि २०८० को प्रतिलिपी।

घ) नेपाल पर्यटन बोर्डको कार्यकारी पदमा रहदा पाएका अवार्डका समाचारहरु :-

(१) पाटा गोल्ड अवार्ड २०२३,

(२) पर्यटन बोर्ड/एसटीएल आरपीले पायो पाटा गोल्ड अवार्ड

(३) पर्यटन बोर्डले पायो अमेरिकन राजदूतावासको सम्मान

(४) पर्यटन बोर्ड (एसटीएल आरपी) लाई तेस्रो पटक (पाटा) गोल्ड अवार्ड प्राप्त

(५) पर्यटन बोर्डका कार्यकारी प्रमुख डा. धनन्जय रेग्मी पाटा स्पेसल अवार्डबाट सम्मानित

१०. लेखिएको ठिक छ झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला।

निवेदक

निज वा. भुवन झाँक्री

ईति सम्वत २०८१ साल भाद्र महिना .. गते रोज .. शुभम् ......................................